श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. ३५५

पुनरावेदन नं. ०७८-RB-०१०६

मुद्दाः– केराउ चोरी निकासी ।

जिल्ला धनुषा हंसपुर नगरपालिका वडा न. २ घर भै हाल जनकपुर उपमहानगरपालिका वडा न. १९ बस्ने वेचु कापर ..........................................................................१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

प्र. नि. हिरेन्द्र बहादुर रोकायाको प्रतिवेदनले नेपाल सरकार...............................१ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जनकपुर भन्सार कार्यालय

शुरु निर्णय गर्ने अधिकारीः- भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्र

शुरु कार्यालयको निर्णय मितिः– २०७७/०८/१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री अजयशंकर झा

प्रत्यर्थीका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतले मिति २०७७।०८।१२ मा गरेको फैसला उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम प्रतिवादी वेचु कापरको पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको

ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७७।०५।११ गते अन्दाजी १७.०० बजेको समयमा ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी ठाडीझिझा धनुषाबाट खटिएको संयुक्त प्रहरी गस्ती टोलीले जिल्ला धनुषा, बिदेह न.पा. वडा नं. ४ मैनाथपुर स्थित दसगजा सिमा क्षेत्रमा जिल्ला धनुषा, हंसपुर नगरपालिका वडा नं. २ बस्ने जद्दु कापरको नाति धनिकलाल कापरको छोरा वर्ष २८ को बेचु कापरले नेपालबाट अबैध रुपमा भन्सार छली चोरी निकासी गरी भारततर्फ ज १ च १४८३ नं को महेन्द्रा पिकअपमा १०० बोरा केराउ लोड गरी लैजादै गरेको अबस्थामा स्थानीय मानिसको रोहबरमा बरामद गरी उक्त मालवस्तु, पिकअप र मानिस समेत बरामद भएको मिति २०७७।०५।११ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

२. मिति २०७७।०५।११ गतेको बरामदी मुचुल्का सहित बरामद गरिएका मानिस, मालवस्तु र बेचु कापरलाई आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय, धनुषाको प.सं. २०७७/०७८, च.न. ७८, मिति २०७७/०५/१२ को पत्र समेत संलग्न गरी जनकपुर भन्सार कार्यालयमा पेश गरेका छौ भन्ने प्र.नि. हिरेन्द्र बहादुर रोकाया समेतको प्रतिबेदन।

३. प्रतिबादी बेचु कापरले मिति २०७७।०५।११ गतेका दिन अन्दाजी १९.०० बजेको समयमा भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम मालबस्तु चोरी निकासी गरेको पुष्टी हुन आएको हुँदा दाखिला हुन आएको मालबस्तुको प्रतिबेदन मूल्य रु.१,४२,५००।- (अक्षरेपी एक लाख बयालिस हजार पाँच सय मात्र) तथा उक्त प्रतिबादी बेचु कापरको साथबाट पक्राउ परेको ज १ च १४८३ नम्बरको पिकअपको सम्बन्धमा भन्सार ऐन २०६४ को दफा ५७(१ख) बमोजिम सवारी साधन धनी बापत हुन सक्ने जरिवाना रु.१,००,०००।०० (अक्षरेपी एक लाख मात्र) र सवारी चालकलाई हुन सक्ने जरिवाना रकम रु.५०,०००।००(अक्षरेपी पचास हजार मात्र) गरी रु.२,९२,५००।- (अक्षरेपी दुई लाख बयानब्बे हजार पाँच सय मात्र) जरिवाना कायम गरी भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम उक्त मालबस्तु र ढुवानी साधन जफत गरी बिगो बमोजिमको रु २,९२,५००।०० (अक्षरेपी दुई लाख बयानब्बे हजार पाँच सय मात्र) धरौटी माग गर्ने मिति २०७७।०५।१४ मा भएको अनुसन्धान अधिकृतको आदेश।

४. मैले चलाएको पिकअप गाडी जनकपुर उपमहानगरपालिका वडा नं. ७ स्थित बैभव फुड्सको नाममा दर्ता रहेको छ। बैभव फुड्सका आशिष कुमार साहले विदेह न.पा. को तिनटोलिया स्थित भगवती किनारा पसलमा बरामद भएको सामान लानु भनेकोले ज १ च

१४८३ नम्बरको पिकअपमा लोड गरी भगवती किनारा पसलमा लादै गर्दा जदुकहामा प्रहरीले पक्राउ गरेको हो। भगवती किनारा पसलका मालिक बेचन साह हुन।मेरो साथमा  बैभव फुड्सले भगवती किनारा पसलका नाममा मिति २०७७।०५।११ गते जारी गरेको विजक नं. ९५ को कर विजक र राजस्व अनुसन्धान विभागले प्रदान गरेको कन्साइनमेन्ट आइडी ७७७८०००५००८०९५ को भी.सि.टि.एस. थियो। सोको सक्कल प्रति प्रहरीले सामान पक्राउ गर्दा लगेको हो। मैले भन्सार चोरी निकासी सम्बन्धी कूनै कसुर गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी बेचु कापरले जनकपुर भन्सार कार्यालयका अनुसन्धान अधिकृत समक्ष मिति २०७७।०५।१४ गते गरेको बयान।

५. घटनास्थल बरामदी मुचुल्का र निज अभियुक्त बेचु कापरले गरेको बयान लगायत मिसिलमा संलग्न प्रमाणहरुबाट निजले उक्त केराउ चोरी निकासी गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुर गरेको होइन भन्न सकिने अवस्था तत्काल प्राप्त प्रमाणबाट नदेखिएको हुंदा प्रस्तुत मुद्दामा पछि ठहरे बमोजिम हुने गरी भन्सार ऐन, २०६४ को दफा ४१(१) बमोजिम नगद धरौटी रकम माग गर्नुपर्ने भएकोले निज बेचु कापरलाई सोही ऐनको दफा ५७(१क) बमोजिम विगो बमोजिमको रु.१,४२,५००।— साथै दफा ५७(१ख) बमोजिम सवारी धनीलाई हुन सक्ने जरिवाना बापत रु.१००,०००।- र सवारी चालकलाई हुन सक्ने जरिवाना रकम रु.५०,०००।- गरी जम्मा रु.२,९२,५००।-(अक्षेरेपी दुई लाख बयानब्बे हजार पाँच सय मात्र) नगद धरौटी माग गर्ने। माग बमोजिमको धरौटी रकम निजले यस कार्यालयमा दाखिला गरेमा पुपर्क्षको लागि तारेखमा राखी कारवाही प्रकृया अगाडी बढाउने र नगद धरौटी रकम दाखिला गर्न नसकेमा नियमानुसारको सिदा खान पाउने गरी कारागार कार्यालय, सिन्धुलीमा पुर्पक्षको लागि थुनामा राख्न पठाई कारवाही प्रकृया अगाडी बढाउने। दाखिला हुन आएको केराउ नियमानुसार लिलाम बिक्री गरी बिक्रीबाट प्राप्त हुन आउने रकम पछि ठहरे बमोजिम हुने गरी धरौटी खातामा आम्दानी बाध्ने र ज१च १४८३ नम्बरको पिकअप गाडी वडा प्रहरी कार्यालय रेल्वे, जनकपुरधाममा सुरक्षितसाथ राख्न पठाईएकोमा हाललाई सोही कार्यालयमा राख्नु भन्ने मिति २०७७।०५।१४ मा भएको भन्सार अधिकृतको आदेश।

६. मैले चलाएको पिकअप गाडी जनकपुर उपमहानगरपालिका वडा नं. ७ स्थित बैभव फुड्सको नाममा दर्ता रहेको छ। बैभव फुड्सका आशिष कुमार साहले विदेह न.पा. को तिनटोलिया स्थित भगवती किनारा पसलमा बरामद भएको सामान लानु भनेकोले ज १ च १४८३ नम्बरको पिकअपमा लोड गरी भगवती किनारा पसलमा लादै गर्दा जदुकहामा प्रहरीले पक्राउ गरेको हो। भगवती किनारा पसलका मालिक बेचन साह हुन।मेरो साथमा  बैभव फुड्सले भगवती किनारा पसलका नाममा मिति २०७७।०५।११ गते

जारी गरेको विजक नं. ९५ को कर विजक र राजस्व अनुसन्धान विभागले प्रदान गरेको कन्साइनमेन्ट आइडी ७७७८०००५००८०९५ को भी.सि.टि.एस. थियो। सोको सक्कल प्रति प्रहरीले सामान पक्राउ गर्दा लगेको हो। मैले भन्सार चोरी निकासी सम्बन्धी कूनै कसुर गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी बेचु कापरले जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृत समक्ष मिति २०७७।०५।३१ गते गरेको बयान।

७. प्रतिवेदन साथ पक्राउ परि पेश हुन आएको बेचु कापरले केराउ १०० बोरा समेत नेपालबाट भारत निकासी गर्दै गर्दाको अवस्थामा मिति २०७७/०५/११ गते १९:०० बजेको समयमा प्रहरीले पक्राउ गरेका हुन्। बेचु कापरले उक्त सामान मेरो होइन। सामान चोरी निकासी गर्न लादै थिएन भन्ने व्यहोरा सहितको इन्कारी वयान दिए पनि निजले वरामदी खानतलासी मुचुल्कामा गरेको सहिछाप समेतको आधारमा अब थप अन्य विषय तर्फ प्रवेश गरि रहनु परेन। प्रहरी प्रतिवेदन दावी अनुसार प्रतिवादी बेचु कापरले उक्त सामानको भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम भन्सार छली चोरी निकासीको कसूर गरेको ठहर्छ। सो ठहर्नाले निजसँग बरामद भएको मालबस्तु सोही ऐनको दफा ५७(१क) बमोजिम जफत गरी बिगो बमोजिम जरिवाना रु.१,४२,५००।- हुने ठहर्छ साथै सोही ऐनको दफा ५७(१ख) बमोजिम सवारी धनीलाई हुने जरिवाना रु.१,००,०००।– र सवारी चालकलाई हुने जरिवाना रु.५०,०००।- गरि जम्मा २,९२,५००।–(दुई लाख बयानब्बे हजार पाँच सय मात्र) जरिवाना गर्ने र गैर कानूनी कार्यमा प्रयोग भएको ज१च.१४८३ नम्बरको पिकअप जफत हुने ठहर्छ भनि जनकपुर भन्सार कार्यालयबाट मिति २०७७।०८।१२ मा भएको फैसला।

८. क्रेता र वक्रेता बीच भएको विःशुद्ध कारोवार, त्यसलाई पुष्टी गर्ने जारी भएको बिल विजक र राजस्व चुहावट नहोस भन्ने उद्देश्यले भर्नु पर्ने अनलाइन विवरण भरी विवरणमा उल्लेख गरेकै सवारी साधन, चालक, स्थानमा पुर्याउन गएको र त्यसको निस्सा समेत मिसिल संलग्न रहेकोछ। ती प्रमाण के कति कारणले ग्रहणयोग्य नरहेको भन्ने सम्बन्धमा केही बोलेको देखिदैन। उजुर गर्ने प्रहरी, बरामदी मुचुल्कामा सही गर्ने व्यक्ति कोही कसैलाई बुझेको पनि देखिदैन। प्रमाण ऐन,२०३१ को दफा ८, ९ देखि २३ सम्मका प्रक्रिया अबलम्वन नै नगरी एवं दफा २५ बमोजिम वादी पक्षले अभियुक्तको कसुर पुष्टी गर्ने प्रमाण पेश नहुँदै मलाई कसुरदार ठहर गरी जरीवाना सहित सवारी साधन जफत गर्ने गरी जनकपुर भन्सार कार्यालयबाट भएको फैसला कानून तथा न्यायका मान्य सिद्धान्त विपरित रहेको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी वेचु कापरको मिति २०७८/०६/११ मा यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौज्दारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सुचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०४।२६ मा भएको आदेश ।

ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री अजयशंकर झाले प्रस्तुत मुद्दामा प्रमाण ऐन,२०३१ को दफा ८, ९ देखि २३ सम्मका प्रक्रिया अबलम्वन नै नगरी एवं दफा २५ बमोजिम वादी पक्षले अभियुक्तको कसुर पुष्टी गर्ने प्रमाण पेश नहुँदै प्रतिवादीलाई कसुरदार ठहर गरी जरीवाना सहित सवारी साधन जफत गर्ने गरी जनकपुर भन्सार कार्यालयबाट भएको फैसला कार्यविधि कानूनका मान्य सिद्धान्त विपरित रहेको हुँदा उक्त फैसला बदर भागीरहेको छ। सर्वोच्च अदालतको मिति २०७८/१२/०७ को परमादेश बमोजिम जनकपुर भन्सार कार्यालयबाट मिति २०७९/१०/२० मा भएको फैसला बमोजिम मिति २०७७/०८/१२ को फैसला बदर भईसकेकोले पुनरावेदकको माग पुरा भईसकेको छ भनी गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी वादीको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले हालको अबस्थामा अब यो पुनरावेदन पत्रको औचित्य नहुँदा खारेज गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१२. पुनरावेदक प्रतिवादीको तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा जनकपुर भन्सार कार्यालयबाट भएको मिति २०७७/०८/१२ को फैसला मिलेको छ, छैन? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. प्रतिबादीले लिएको पुनरावेदन जिकीर तर्फ विचार गर्दा, वैभव फुड्स नामको खाद्यान्नको पसलबाट मिति २०७७।०५।११ गते बेचनकुमार महतोले २५ के.जी. क्षमताको १०० बोरा पहेलो केराउ खरीद गरि रकम तिरी बिल बिजक जारी गरी आन्तरिक राजस्व विभागमा अनलाईन विवरण भरी ज.१च.१४८३ नं. को गाडीका चालक बेचु कापरले निजको पसलमा पुर्‍याउन जाने क्रममा नेपाल भित्रै भन्सार छली चोरी गर्न लागेको भनी बिच बाटोमा प्रहरीले मिति २०७७।०५।११ गते भगवती किनारा लैजान लागेकामा सो सामानको साथ बिल बिजक र राजस्व अनुसन्धान बिभागको VCTS समेत साथमा रहेको अवस्थामा भगवति किरान पसलमा अनलोड गरेपछि सामानको भुक्तानी पाउने शर्त बमोजिम आफ्नै सवारी चालकले सामान लैजादै गर्दा बिच बाटोमा नै प्रहरी पक्राउ गरेको भन्ने समेत व्यहोरा व्यहोराको प्रतिवादीले मुद्दा हेर्ने अधिकारी समक्ष गरेको

बयानमा उल्लेख भएको गरेको देखिन्छ। प्रतिबादी बेचु कापर उपर भन्सार ऐन २०६४ को दफा ५७(१) को कसुरमा सोही ऐनको दफा ५७(१क) र (१ख) बमोजिम सजाय गरी बरामद मालबस्तु र ज१ च १४८३ न. को पिकअप जफतको माग दाबी लिएकोमा प्रतिवादी बेचु कापरले उक्त सामानको भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम भन्सार छली चोरी निकासीको कसूर गरेको ठहर्याई निजसँग बरामद भएको मालबस्तु सोही ऐनको दफा ५७(१क) बमोजिम जफत गरी बिगो बमोजिम जरिवाना रु.१,४२,५००।- हुने साथै सोही ऐनको दफा ५७(१ख) बमोजिम सवारी धनीलाई हुने जरिवाना रु.१,००,०००।– र सवारी चालकलाई हुने जरिवाना रु.५०,०००।- गरि जम्मा रु.२,९२,५००।–(दुई लाख बयानब्बे हजार पाँच सय मात्र) जरिवाना गर्ने र गैर कानूनी कार्यमा प्रयोग भएको ज१च.१४८३ नम्वरको पिकअप जफत हुने ठहर्याई जनकपुर भन्सार कार्यालयबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादी बेचु कापरको यस न्यायाधिकरणमा प्रस्तुत पुनरावेदन पत्र दायर रहेको देखिन्छ।

१४. प्रस्तुत मुद्दामा ज१ च १४८३ न. को पिकअपका सवारी धनी रीतादेवी साह वैभव फुड्स नामको खाद्यान्नको पसलको संचालक रहेकोमा निजले सर्वोच्च अदालतमा यसै मुद्दामा बरामद भएको ज१च.१४८३ नम्वरको पिकअप गाडी जफत हुने ठहर्याई भएको फैसला उपर रीट नं. ०७७-WO-०२१९ को उत्प्रेषणयुक्त परमादेश रीट निवेदन दायर गरेकोमा सर्वोच्च अदालतबाट प्रतिवादी बेचु कापरं उपर चलेको ८३/०७७-७८ को मुद्दामा विपक्षी जनकपुर भन्सार कार्यालयको गाडी र केराउ जफत गर्ने लगायत निवेदिकाको हकमा भएको मिति २०७७/०८/१२ गतेको निर्णय सो हदसम्म नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। अब बेचु कापर उपर चलेको ८३/०७७-७८ को मुद्दामा गाडी, केराउ जफत गर्ने लगायत निवेदिकाको हकमा भएको निर्णय सम्वन्धमा निवेदिका एवं वैभव फुड्सलाई म्याद/सूचना दिई जे जो बुझ्नु पर्दछ बुझी कानून बमोजिम विवादको टुंगो लगाउनु भनी विपक्षी जनकपुर भन्सार कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ठहर्याई मिति २०७८।१२।०७ गते परमादेशको आदेश जारी भएकोमा जनकपुर भन्सार कार्यालयबाट परमादेश बमोजिम गर्नुपर्ने कानून बमोजिमको कानूनी कारवाही र किनारा गरी जनकपुर भन्सार कार्यालयबाट मिति २०७७।०८।१२ को फैसला बदर गरी मिति २०७९।१०।२० मा सवै प्रतिवादीहरुले सफाई पाउने ठहर गरी फैसला भएको उक्त सक्कल मिसिलबाट देखिँदा प्रतिवादी वेचु कापरले जनकपुर भन्सार कार्यालयबाट मिति २०७७।०८।१२ मा भएको फैसला बदर गरी पाउँ भनी दिएको यो पुनरावेदनको औचित्य समाप्त भएको देखिंदा अब पुनरावेदन पत्रको तथ्यभित्र प्रवेश गरी थप विचार गरिरहनु पर्ने देखिएन।

१५. तसर्थः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक प्रतिवादीले जनकपुर भन्सार कार्यालयको मिति २०७७।०८।१२ मा भएको निर्णय उल्टी गरी आरोपित कसुरबाट सफाई पाउँ भनी प्रस्तुत पुनरावेदन दायर गरेकोमा जफत गरेको ज१च १४८३ नं. को पिकअप धनी रितादेवी साहले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट जारी मिति २०७८।१२।०७ को परमादेश बमोजिम कारवाही र किनारा गरी जनकपुर भन्सार कार्यालयबाट मिति २०७९।१०।२० मा फैसला हुँदा मिति २०७७।०८।१२ को फैसला बदर गरी सवै प्रतिवादीहरुले सफाई पाउने ठहर भएको मिसिल संलग्न फैसलाबाट देखिँदा अब प्रतिवादी वेचु कापरले दिएको प्रस्तुत पुनरावेदन पत्रको कुनै औचित्य बाँकी रहेको नदेखिँदा थप विवेचना गर्नुपर्ने देखिएन। प्रयोजनहीन पुनरावेदन पत्र खारेज हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल जनकपुर भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छू।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०८० साल बैशाख ७ गते रोज ५ शुभम............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः-                राजस्व न्यायाधिकरण काठमाण्डौको छाप